स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'महाराजधिराज'मा अभिनेत्री वर्षा राउत अनुबन्ध भएकी छन्। फिल्मको मुख्य भूमिकामा अभिनय रहने गरेर उनी भित्रिएकी हुन्। फिल्ममा यसअघि नै वर्षा सिवाकोटी अनुबन्ध भइसकेकी छन्। फिल्मका लागि अहिलेसम्म आर्यन सिग्देल, रमेश उप्रेती र पल शाह समेत फाइनल भैसकेका छन्। फिल्मका लागि अझै केही कलाकार अनुबन्धित गर्न बाकी रहेको निर्माण युनिटले जनाएको छ।

**आजको विचार...**



उद्योग....
*(दुई पेजमा)*

डा. शेरजङ्ग बहादुर चन्दडा



दिनेश राउत निर्देशित प्रतीक्षित नेपाली फिल्म 'महाभोज'को ट्रेलर सार्वजनिक गरिएको छ। करिब साढे चार मिनेट लामो यस ट्रेलरले सहकारी संस्थाहरुमा पिडित बनेका आम नागरिकका पीडा र सामाजिक असमानताको गम्भीर रूप उतारेको छ। ट्रेलरमा प्रमुख पात्र दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल र मोहन निरौला देखिएका छन्। अवस्थामा पुगेका विपन्न सदस्यहरुको मनष्टल र त्रासदी प्रदर्शन गरेको छ। समाजको एउटा पुस्ता कसरी शोषित हुँदै आएको हो।

❒ वर्ष ३० ❒ अंक २९४ ❒ २०८२ जेठ ६ गते मंगलबार 20 May 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गुल्मीका स्थानीय तहको बेरुजु १५ करोड ७४ लाख

**रामचन्द्र रायमाझी**

**गुल्मी,** जेठ ५/गुल्मीका स्थानीय तहको बेरुजु १५ करोड ७४ लाख बढी देखिएको छ । महालेखा परीक्षकको ६२ औं प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ अर्ब २१ करोड ४५ लाख ६ हजार लेखापरीक्षण भएकोमा १५ करोड ७४ लाख ६४ हजार बेरुजु देखिएको हो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा २०८०/८१ मा बेरुजुको अवस्थामा सामान्य सुधार देखिएको छ । यहाँका १२ वटै स्थानीय तहको बेरुजुमा सामान्य सुधार देखिए पनि बेरुजु भने अत्यन्त हुन सकेको छैन । यहाँ अघिल्लो आव २०७९/०८० मा २९ करोड २३ लाख ६० हजार बेरुजु देखिएको थियो । जहाँ अहिले १३ करोड ४८ लाख ९६ हजारले कम हुन आएको छ । विगतमा यहाँका स्थानीय तहको बेरुजुको अवस्था डरलाग्दो रहे पनि पछिल्ला वर्षहरुमा केही कम हुँदै




गएको देखिन्छ । प्रतिवेदन अनुसार मुसिकोट नगरपालिकामा १ करोड ७० लाख रुपैयाँ बेरुजु देखिएको छ । जुन कुल बेरुजुको १ दशमलव १४ प्रतिशत हो । यस्तै रेसुंगा नगरपालिकाको २ करोड ६८ लाख १६ हजार रुपैयाँ बेरुजु देखिएको छ, जुन कुल बेरुजुका १ दशमलव ८२ प्रतिशत हो । इस्मा गाउँपालिकाको १ करोड २५ लाख ८९ हजार अर्थात् १ दशमलव १६ प्रतिशत, कालीगण्डकी गाउँपालिकाको ९४ लाख ६३ हजार अर्थात् ० दशमलव ८० प्रतिशत, गुल्मी दरबार गाउँपालिकाको २ करोड ४३ लाख २६ हजार अर्थात् २ दशमलव १६ प्रतिशत बेरुजु देखिएको छ । यस्तै चन्द्रकोट गाउँपालिकाको २ करोड २७ लाख ७७ हजार अर्थात् १ दशमलव ९५ प्रतिशत, छत्रकोट गाउँपालिकाको १ करोड ७१ लाख अर्थात् ० दशमलव ७९ प्रतिशत, धुर्कोट गाउँपालिकाको ५० लाख ३५ हजार अर्थात् ० दशमलव ३७ प्रतिशत, मदाने गाउँपालिकाको ८१ लख १४ हजार अर्थात् ० दशमलव ६७ प्रतिशत, मालिका गाउँपालिकाको ३१ लाख १६ हजार अर्थात् ० दशमलव २५ प्रतिशत, रुरुक्षेत्र गाउँपालिकाको ७५ लाख १७ हजार अर्थात् ० दशमलव ७० प्रतिशत र सत्यवती गाउँपालिकाको १ करोड ६ लाख ४० हजार अर्थात् ० दशमलव ७९ प्रतिशत बेरुजु देखिएको छ । जिल्लाको बेरुजुमा केही सुधार देखिए पनि अझै त्यसको रापताप भने कायमै छ । वास्तविक स्रोतमा आधारित भई बजेट निर्माण गरिनुपर्नेमा महालेखाको ६२ औं प्रतिवेदनले हरेक बजेटका नीति तथा कार्यक्रम महत्वपूर्ण भन्दै प्रस्तुत गर्ने गरे पनि कार्यान्वयन हुन नसेकहकेको औंल्याएको छ । यथार्थपरक र वास्तविक स्रोतमा आधारित भई बजेट निर्माणमा महालेखाको प्रतिवेदनले जोड दिएको छ ।

## सक्षिप्त समाचार

### इजरायली आक्रमणमा २२ को मृत्यु

**(रासस/एएफपी)**

**गाजा,** जेठ ५/गाजामा सोमबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा २२ जनाको मृत्यु भएको छ । सेनाले आक्रमण तीव्र पारेको गाजाका उद्धारकर्ताहरूले बताएका छन् । गाजाका नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बस्सलले गाजाको मुख्य सहर र वरपर निरन्तर आक्रमणहरू भएको र खान युनिसमा ११ जनाको मृत्यु हुनुका साथै धेरै घाइते भएको बताएका छन् । जबलिया सहरको पश्चिममा रहेको बजार नजिकै भएको हवाई आक्रमणमा पाँच जनाको मृत्यु भएको उनले बताएका छन् । मध्य गाजाको नुसेइराटस्थित पसलमा भएको हवाई आक्रमणमा एउटै परिवारका तीन जनाको मृत्यु भएको र उत्तरी गाजा सहरको एउटा पसलमा भएको अर्को आक्रमणमा दुई जनाको मृत्यु भएको जनाइएको छ । बेइत लाहियाको अस्पतालमा पनि मृत्युको खबर आएको तर निरन्तर भएको बम विष्फोटका कारण शव उद्धार हुन नसकेको बासलले बताएका छन् । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले इजरायली सेनालाई घेराबन्दी गरेको आरोप लगाउदै अस्पताललाई सेवा प्रवाहमा असर पारी सेवा ठप्प पार्न बाध्य पारेको जनाइएको छ ।

## मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु



**तेजेन्द्र कुमार श्रेष्ठ**

**UNdL,** जेठ ५/जिल्लाको रेसुङ्गा नगरपालिका - ६ सिमाघाट स्थित लप्सीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

आइतबार राति धुर्कोटबाट तम्घास आउँदै लु ९७ प ७४७९ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा दाङ गढवा गाउँपालिका-३ गोबडियाका २७ वर्षीय निशान चौधरीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी डीएसपी गंगाबहादुर सारुले जानकारी दिए । उनका अनुसार चौधरीले चलाएको मोटरसाइकल अनियन्त्रित भई धुर्कोट-तम्घास सडक खण्ड अन्तर्गत सिमाहा घाट छेउको नालीमा खसेको थियो । सडकको नालीमा मोटरसाइकलले च्यापेको देखेपछि स्थानीयले सोमबार बिहान प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै प्रहरीले प्रारम्भिक अनुसन्धान गरी शव पोष्टमार्टमका लागि गुल्मी अस्पताल पठाएको छ । मृतक चौधरी इन्द्र एमके जेभीमा सब इन्जिनियरको रुपमा कार्यरत थिए । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रामपुर नगरपालिका पूर्णखोप सुनिश्चितता घोषणा

**पाल्पा**, जेठ ५/जिल्लाको रामपुर नगरपालिकालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको छ । १५ महिना मुनीका पालिकाभित्र रहेका सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चितता भए पछि सो पालिकालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको हो ।



नगर भित्रका १० वटै वडाहरूमा रहेका १५ महिना मुनिका सबै बालबालिकाले १३ वटा सरुवा रोगहरुको खोप अनिवार्य पाएको सुनिश्चितता भएपछि पालिकालाई पूर्ण खोप दिगोपन सुनिश्चितता पालिका घोषणा गरिएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । चालु वर्षमा हालसम्म सबैले पूर्ण खोप पाएको र अगामी दिनमा पनि दिगोपना कायम राख्ने प्रतिबद्धता जनाउँदै पूर्णखोप सुनिश्चित दिगोपना पालिकाको रूपमा घोषणा गरिएको हो । रामपुर नगरपालिकामा एक कार्यक्रम गरी जिल्ला खोप समन्वय समिति पाल्पाले प्रमाण पत्र हस्तान्तरण गरेको छ । जिल्ला खोप समन्वय समितिका संयोजक टंकनाथ खनाल, स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखेलले, रामपुर नगरपालिका प्रमुख रमण बहादुर थापा, प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डित, स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेलाई पूर्णखोप सुनिश्चितता भएको प्रमाण पत्र प्रदान गरी पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको थियो । जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले भौतिक पूर्वाधारको विकासले मात्र विकासको सुचक पुरा नहुने बताए । खनालले विकासको सूचकमा यहाँका जनताको स्वस्थ्य र औषत आयुको महत्वपूर्ण भुमिका रहने भन्दै यसका लागि पूर्ण मात्राको खोप अपरिहार्य रहेको बताए । राज्यले स्वास्थ्यमा ठूलो धनराशी खर्च गर्दै आएको बताउँदै यसलाई सामान्य रुपमा नलिन आग्रह गरे । नगरपालिका प्रमुख रमण बहादुर थापाले दीर्घकालिन विकास भनेको स्वास्थ्य र शिक्षामा लगानी भएको बताए । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखेलले जिल्लालाई विसं २०७० फागुन १३ गते नेपालकै पहिलो पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको र संघीयता पश्चात २०७९ देखि पाल्पालाई निरन्तर तेस्रो वर्षसम्म पूर्ण खोप सुनिश्चित जिल्ला घोषण गर्न सफल भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनताप्रति इमानदार बन

जनउत्तरदायी प्रणालीमा राजनीतिको अर्थ नै जनता एवम् देशको हित र सेवा हो। यही मान्यताअनुरूप राज्यको कर्तव्य जनताको कल्याण, राष्ट्रियहित र देशको सुरक्षा गर्नु हो। तर राजनीतिक खिचातनीका कारण देश समयसापेक्ष विकास र समृद्धिको मार्गमा अग्रसर हुन सकिरहेको छैनन्। यो अत्यन्त दुखको कुरा हो । जनताका आधारभूत आवश्यकता पूरा गर्ने, सुरक्षा र संरक्षण प्रदान गर्ने, विपद्‌बाट रक्षा र उद्धार गर्ने, गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत कुराहरूको परिपूर्ति गर्ने मूल दायित्व राज्य वा सरकारको हो । कुनै पनि सरकार वा राज्य यी आधारभूत दायित्वबाट चुक्नु भनेको शासन प्रणाली र शासकमाथि गम्भीर प्रश्न उठ्नु नै हो । विगतदेखि नै नेपाली समाज अस्थिर र गञ्जागोल राजनीतिक वातावरणबाट गुज्रिँदै आएको यथार्थ छ ।

जनताले रैतीबाट नागरिक हुन पाएका खुसीमा रमाउन थालेको २ दशक नहुँदै पुनः व्यवस्था परिवर्तनका माग उठिरहनु सुखद होइन । यसमा हाम्रा लोकतान्त्रिक/गणतान्त्रिक भनिएका राजनीतिक दलहरूको अकर्मण्यता, गैरजिम्मेवारी, अनैतिकता, लापरवाह त कारक बनेको छैन ? देश र जनताको हितभन्दा बढी आफ्ना निहित स्वार्थमा दलहरू, दलका नेताहरू र सत्ताधारीहरू अलमलिइरहेका कारण त यस्तो अवस्था आइरहेको छैन ? गम्भीर भएर आत्मसमीक्षा गर्दै सबै पक्ष सच्चिनु आवश्यक छ ।

आफ्नै स्वार्थ सेक्ने, स्वार्थ र अवसरका लागि जस्तासुकै हर्कत गर्न पनि पछि नपर्ने प्रवृत्तिले नेपालको राजनीतिलाई विकृत र कमजोर बनाइदिएको छ । अब जनतामा रहेको व्याप्त निराशालाई चिर्न राजनीतिक दल र सरकार सक्रिय भएर लाग्न ढिलाई गर्नु हुँदैन । जनतामा आशा जगाउन पनि अहिलेको सरकारका मन्त्रीहरु तथा कर्मचारीतन्त्रले अहोरात्र नै काममा खट्नुको विकल्प छैन । अन्यथा सरकारको असफलतासँगै प्रमुख राजनीतिक दलहरुसमेत पतनको मार्गमा जाने निश्चित छ । यो सरकारलाई काम गर्न सकेनौ भन्ने छुट किमार्थ पनि छैन । देशका ठूला राजनीतिक दलहरु एकै ठाउँ उभिएका बेला जनताको पक्षमा काम गर्ने ठूलो अवसर पनि छ । यसर्थ जनताप्रति इमानदार भएर आशा जगाउने गरी काम गर्ने दिशामा सरकार र राजनीतिक दलहरु लाग्न जरुरी छ ।

### Opinion @ Social Network

बितिसकेका दुईवटा चिज निकै राम्रो लाग्ने रहेछ,
एउटा समय र अर्को बाल्यकाल..।

*(युवराज शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Youbaeaj.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उद्योग बजेट कस्तो हुनुपर्छ ?



डा. शेरजङ्ग बहादुर चन्दडा

आयातमा धेरै निर्भर रहने हाम्रोजस्तो मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रका लागि विनियोजित धनराशिले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यस क्षेत्रलाई दिइने बजेटले देशको आर्थिक दिशा नै बदल्न सक्छ । पहिलेका वर्षहरूमा उद्योग क्षेत्रलाई बजेटमा एकदमै कम महत्त्व दिएको देखिन्छ, जसले गर्दा देशको विकासमा सोचेजस्तो प्रगति हुन सकेन । अब राष्ट्रको उन्नति र आत्मनिर्भरता हासिल गर्नका लागि उद्योग क्षेत्रमा विशेष ध्यान दिँदै बजेट बनाउन जरुरी छ । परिणाममुखी हुने खालको र लामो समयसम्म टिक्ने योजनासहितको बजेटले उद्योगको विकासलाई गति दिई रोजगारीका अवसर सिर्जना गर्नेछ र अन्ततः देशको आर्थिक क्षमतामा वृद्धि गर्नेछ । विशेषतः उत्पादनमूलक कार्यहरूलाई प्रोत्साहन गर्ने, नयाँ प्रविधि र सीप विकासमा सहयोग पुर्‍याउने र व्यवसायीहरूलाई लगानीमा आकर्षित गर्ने खालको बजेट आवश्यक छ ।

**उद्योग क्षेत्रमा बजेट :** सरकारद्वारा हालसम्म कुल बजेटको लगभग दुईदेखि तीन प्रतिशत बजेट मात्र उद्योग मन्त्रालय र मातहतका निकायहरूका लागि विनियोजन गर्दै आएको देखिन्छ । बजेट अभावकै कारण उद्योग क्षेत्रको विकासका लागि आवश्यक महत्त्वपूर्ण गतिविधिहरू हुन सकेका छैनन् । उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार, उद्योगहरूको क्षमता विस्तार, नयाँ प्रविधिहरूको उपयोग र हस्तान्तरण, उत्पादित वस्तुहरूको बजारसम्मको पहुँच, आवश्यक कच्चा पदार्थको निर्बाध आपूर्ति र उद्योगी व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने किसिमका ठोस र प्रभावकारी कार्यक्रमनिकै कम मात्रामा सञ्चालनमा रहेका छन् । यसले गर्दा उद्योग क्षेत्रले अपेक्षित गतिमा विकास गर्न कठिनाइ भइरहेको छ । लघु, साना तथा मझौला उद्योगहरू (लसाउ) लाई प्रोत्साहन र आवश्यक सहयोग पुर्‍याउने उद्देश्यले सरकारले सञ्चालन गर्ने कार्यक्रम पनि सीमित रहनुका साथै प्रभावकारी हुन सकेका छैनन् । धेरैजसो सरकारी योजना र कार्यक्रमहरू कागजमा मात्रै सीमित रहने गरेका छन्, जसले गर्दा यस क्षेत्रका वास्तविक व्यवसायीले आवश्यक सहयोग र सुविधा प्राप्त गर्नबाट वञ्चित हुनुपरेको छ । यस अवस्थाले लसाउहरूको विकासमा बाधा पुर्‍याइरहेको छ र समग्र औद्योगिक क्षेत्रको विकासलाई समेत सुस्त बनाइरहेको छ ।

**उद्योग बजेट कस्तो हुनुपर्छ ?**
उद्योग क्षेत्रको उन्नति र विकासका लागि समग्र सरकारी बजेटको कम्तीमा आठदेखि दश प्रतिशत रकम यस क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ । यसरी विनियोजित रकमलाई विभिन्न उपक्षेत्रहरूमा खर्च गर्नुपर्छ । यसरी छुट्ट्याइएको १० प्रतिशत बजेटमध्ये लघु, साना तथा मझौला उद्योगको विकासका लागि चार प्रतिशत बजेट विनियोजित हुन आवश्यक छ । यस रकमले ती उद्योगलाई वित्तीय सहायता, नयाँ प्रविधिमा पहुँच, बजार प्रवर्द्धन र क्षमता अभिवृद्धि तालिमजस्ता कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्‍याउनेछ । यसबाट देशको आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सकिन्छ । यस्तै, औद्योगिक पूर्वाधार (इन्डस्ट्रियल जोन्स) निर्माण तथा विकासमा तीन प्रतिशत बजेट छुट्ट्याइनुपर्छ । यसमा सडक, बिजुली, पानी, सञ्चारजस्ता आधारभूत सुविधाहरूको विकास, नयाँ औद्योगिक क्षेत्रको स्थापना र विद्यमान औद्योगिक क्षेत्रहरूको स्तरोन्नति जस्ता कार्य पर्छन् । यी पूर्वाधारले लगानी आकर्षित गर्न, उत्पादन लागत घटाउन र रोजगारीका अवसर सिर्जना गर्न मद्दत गर्छन् । यस्तै, नवप्रवर्तन तथा प्रविधि रूपान्तरणका लागि दुई प्रतिशत बजेट छुट्ट्याइनुपर्छ । नयाँ प्रविधिको अनुसन्धान, विकास र कार्यान्वयन, स्टार्ट-अपहरूलाई सहयोग, डिजिटल रूपान्तरणलाई प्रोत्साहन तथा उद्यमशीलता विकासजस्ता कार्यक्रम यस अन्तर्गत पर्छन् । यसले उद्योग क्षेत्रलाई आधुनिकीकरण गर्न र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गर्छ । यस्तै, अनुसन्धान, तालिम र नीति सुधारका लागि एक प्रतिशत रकम छुट्ट्याइनुपर्छ । यसले उद्योग क्षेत्रको दीर्घकालीन विकासका लागि बलियो आधार तयार पार्न सहयोग गर्नुका साथै नीतिगत अवरोधहरू हटाउन मद्दत गर्छ । **उद्योग बजेटका पाँच मुख्य आधारस्तम्भ साना, मझौला र सूक्ष्म उद्योगहरूलाई प्रोत्साहन :** यस नीति अन्तर्गत ५० लाख रुपैयाँभन्दा कम पुँजी लगानी भएका उद्योग व्यवसायलाई सरकारले विशेष सहुलियत प्रदान गर्न सक्छ । उनीहरूको व्यवसाय सुरु गर्न र विस्तार गर्न सहज होस् भनी यी सहुलियतहरूमा सुरुमा ब्याजदर शून्यदेखि तीन प्रतिशतसम्ममा ऋण उपलब्ध गराउन सक्छ । करमा पनि विशेष छुट दिइनुपर्छ, जसले उनीहरूलाई नाफा बढाउन मद्दत होस् । बजार विस्तारका लागि सहयोग पुर्‍याउनुका साथै उत्पादन बढाउन अनुदान पनि प्रदान गरिनेछ । महिला, युवा, दलित तथा अन्य पिछडिएका वर्गका उद्यमीहरूलाई समर्थन गर्न छुट्टै कोषको स्थापना गरिनेछ, जसले उनीहरूलाई व्यवसाय सुरु गर्न र सफल बनाउन आवश्यक पर्ने वित्तीय स्रोत उपलब्ध गराउनेछ ।

**औद्योगिक पूर्वाधारको विकास :** आधुनिक उद्योगहरू स्थापनाका लागि आवश्यक पूर्वाधारको विकास गरिनुपर्छ । प्रत्येक प्रदेशमा कम्तीमा एउटा अत्याधुनिक औद्योगिक गाउँ वा विशेष आर्थिक क्षेत्र निर्माणका लागि बजेट विनियोजन हुनुपर्छ, जसले उद्योगहरूलाई उपयुक्त वातावरण प्रदान गरोस् । उद्योग मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयबिच समन्वय गरी बिजुली, सडक, पानी र उच्च गतिको इन्टरनेटजस्ता आधारभूत सुविधाहरू उपलब्ध गराइनुपर्छ । औद्योगिक क्षेत्रमा जग्गाको भाडा सस्तो दरमा उपलब्ध गराइने नीति अवलम्बन गरिनुपर्छ, जसले उद्योगहरूलाई आफ्नो उत्पादन लागत कम गर्न र प्रतिस्पर्धी बन्न मद्दत गरोस् । **उद्योग र प्रविधिको रूपान्तरण :** परम्परागत रूपमा सञ्चालित उद्योगहरूलाई आधुनिक प्रविधिमा रूपान्तरण गर्न सहयोग गरिनुपर्छ । यसका लागि स्वचालन, डिजिटलाइजेसन र हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउन सकिन्छ । नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नका लागि नयाँ प्रविधि भित्र्याउने कम्पनीहरूलाई करमा विशेष छुट दिइनुपर्छ । नयाँ प्रविधिमा आधारित उद्योगहरूलाई वार्षिक रूपमा प्रतिस्पर्धात्मक अनुदान प्रदान गर्न स्टार्टअप र इन्नोभेसन फन्डको स्थापना गर्न सकिन्छ, जसले नयाँ विचार र उद्यमीहरूलाई प्रोत्साहन गर्नेछ ।

**अनुसन्धान, सीप र तालिम :** उद्योग क्षेत्रको विकासका लागि आवश्यक जनशक्ति तयार गर्नुपर्छ । यसका साथै उद्योग क्षेत्रको अनुसन्धानलाई प्रोत्साहन गरिनुपर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ( सीटीईभीटी) सँगको सहकार्यमा उद्योग उन्मुख तालिम कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ, जसले उद्योगहरूलाई आवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्न मद्दत गर्छ । विदेशी श्रमिकमाथिको निर्भरता कम गर्न, स्थानीय जनशक्तिलाई सीपमूलक तालिम दिन तालिम केन्द्रहरू स्थापना गरिनुपर्छ । उद्योग विकाससम्बन्धी अनुसन्धान गर्न र नीति निर्माणका लागि आवश्यक सुझाव दिनका लागि थिंक ट्यांकको स्थापना गर्न सकिन्छ, जसले सरकारलाई उचित नीति बनाउन मद्दत गरोस् । **आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन :** स्वदेशमै उत्पादन बढाएर आयातलाई कम गर्न र निर्यातलाई प्रोत्साहन गर्न विशेष पहलहरू आवश्यक छ । चिनी, सिमेन्ट, कपडा, जडिबुटी र कृषिमा आधारित उद्योगहरूमा आयात प्रतिस्थापन कार्यक्रम सञ्चालन गरिनुपर्छ, जसले स्वदेशी उत्पादनलाई प्रोत्साहन गरोस् । 'मेड इन नेपाल' अभियानलाई प्रभावकारी बनाउन छुट्टै बजेटको व्यवस्था गर्न सकिन्छ । यस अभियान अन्तर्गत अन्तर्राष्ट्रिय मेलाहरूमा सहभागिताका लागि अनुदान प्रदान गर्न सकिन्छ । डिजिटल मार्केटिङका लागि सहयोग गर्न र निर्यातकर्ताहरूलाई ढुवानी लागतमा सहुलियत दिन सकिन्छ ।

**उद्योग बजेटको प्रभावकारिता:** उद्योग क्षेत्रमा विनियोजित बजेटलाई निर्दिष्ट समयभित्रै सम्पन्न गर्नुपर्ने हुन्छ । जसका लागि निजी क्षेत्र, सहकारी संस्थाहरू र स्थानीय सरकारहरूसँगको संयुक्त प्रयास आवश्यक हुन्छ । कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि यी सबै पक्षहरूको सक्रिय सहभागिता र समन्वय अपरिहार्य छ । व्यवसाय सञ्चालन तथा विकासका लागि आवश्यक अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई छिटो, सजिलो र पारदर्शी बनाउनुपर्छ । कर छुट तथा अनुदानजस्ता सुविधाहरू प्रदान गर्ने प्रक्रियालाई पनि सरल बनाउन एकीकृत प्रणाली (सिंगल विन्डो सिस्टम) को प्रयोग आवश्यक छ । यस प्रणालीले प्रक्रियागत झन्झट कम गर्नुका साथै भ्रष्टाचार नियन्त्रण गर्न समेत मद्दत गर्छ । योजनाको प्रगतिलाई नियमित रूपमा निगरानी गर्नुपर्छ । कार्यान्वयनको गति र प्रभावकारिताको मूल्याङ्कन गर्न प्रत्येक तीन महिनामा समीक्षा गरिनुपर्छ । यसका अतिरिक्त नागरिकहरूलाई पनि अनुगमन प्रक्रियामा संलग्न गराउनुपर्छ, जसबाट पारदर्शिता कायम राख्न सकिन्छ । तत्पश्चात् सबै विवरण डिजिटल माध्यमबाट व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्छ । जसले गर्दा सरोकारवालाहरूले सहजै तथ्याङ्क प्राप्त गर्न सकुन् ।

**निष्कर्ष :** नेपालको औद्योगिकीकरण समग्र राष्ट्रको स्वनिर्भरताका लागि एउटा महत्त्वपूर्ण आधार हो, जसले देशमा बढीभन्दा बढी रोजगारीका अवसर सिर्जना गर्छ र निरन्तर आर्थिक वृद्धिलाई टेवा पुर्‍याउँछ । यस कारण आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिन जरुरी छ । उद्योग क्षेत्रलाई उच्च प्राथमिकताका साथ सम्बोधन गरिनुपर्छ । अर्थात् सरकारले उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक नीति-नियम सहज बनाउनुपर्छ, वित्तीय सहयोगका कार्यक्रम ल्याउनुपर्छ र लगानीकर्तालाई आकर्षित गर्ने वातावरण सिर्जना गर्नुपर्छ । लघु, घरेलु तथा मझौला उद्योगलाई विशेष प्रोत्साहन दिइनुपर्छ । यी उद्योगले स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न, स्थानीय उत्पादनलाई बढावा दिन र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । यसका लागि सरकारले सहुलियतपूर्ण ऋण, कर छुट र बजार पहुँचमा सहयोगजस्ता कार्यक्रम ल्याउनुपर्छ । पूर्वाधार विकास र प्रविधि रूपान्तरणमा पर्याप्त लगानी बढाउनुपर्छ । आधुनिक उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार (जस्तै : सडक, विद्युत्, पानी, सञ्चार, आदि) को विकास अपरिहार्य छ । प्रविधिको प्रयोगले उत्पादन क्षमता बढाउन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मद्दत गर्छ । यसैले सरकारले यी दुवै क्षेत्रमा स्रोत-साधनको प्रभावकारी परिचालन गर्नुपर्छ । औद्योगिक बजेटलाई केवल एउटा मन्त्रालयको सामान्य खर्चका रूपमा मात्र हेर्नु हुँदैन । यो त समग्र राष्ट्रको भविष्य निर्माणमा गरिने दूरगामी महत्त्वको लगानी हो । यो लगानीले देशको आर्थिक, सामाजिक र मानवीय विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ र समृद्ध नेपालको परिकल्पनालाई साकार पार्न मद्दत गर्छ । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
dv अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :व्यापारका कार्यमा ध्यान केन्द्रित हुनेछ। सम्पत्तिलाई लिएर कानुनी समस्या सुल्झिनेछ। | **तुला** : पढाइमा मन नलाग्ला। माताको स्वास्थ्यलाई लिएर चिन्ता |
| **वृष** : दृष्टिकोणमा सक्रियता बढ्नेछ। सम्पर्कबाट लाभ उठाउन सक्नुहुन्छ। | **वृश्चिक** : सामाजिक दायित्वहरू बढ्नेछन्। मधेरैको मन जित्न सकिनेछ। |
| **मिथुन** : पुरानो समस्यामा उल्झिनुपर्ला। धर्मकर्ममा मन लाग्नेछ। | **धनु** : मनोबलमा वृद्धि हुनेछ। बोलिको प्रभावले काम पूरा गर्न सक्नुहुनेछ। |
| **कर्कट** : बुद्धि र विवेकले सफलता मिल्नेछ। परिस्थितिमा पनि धैर्य बनाएर राख्नुहोस्। | **मकर** : शुभचिन्तकहरूको साथ मिल्नेछ। व्यापार व्यवसाय मनग्य लाभ मिल्ला। |
| **सिंह** : मेहनतको उचित मूल्यांकन मिल्नेछ। व्यवसायमा दिखावा गर्नदेखि बच्नुहोस्। | **कुम्भ** : यात्रा लाभदायी रहनेछ।आश्वासन दिनेहरूले झुक्याउन सक्छन्। |
| **कन्या** : कार्यक्षेत्रमा उत्साह बढाउनेछ। अरुलाई प्रभावित पारेर कार्य बनाउन सक्नुहुनेछ। | **मीन** : गरिरहेको कार्यवाट सफलता मिल्नेछ। प्रतिस्पर्धामा विजय हात लाग्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# एआईका कारण जागिर गुमाएपछि....

एआईले जागिर खोस्छ भन्ने अब भविष्यवाणीमा सीमित छैन । बिस्तारै बिस्तारै यसले कयौँ क्षेत्रमा मानव कर्मचारीलाई विस्थापित गरिरहेको छ । गएको वर्षको अप्रिलमा सृटवेयर इन्जिनियर शन केले जागिर गुमाए । वार्षिक डेढ लाख डलर कमाइरहेका उनको आय ठप्पै भयो । एउटा दुइटा होइन, झन्डै ८०० ठाउँमा जागिर माग्दै आवेदन दिए । तर कसैले उनलाई जागिर दिएनन् । आरभी टेलरमा बस्नु पर्‍यो । मान्छेको घर घरमा सामान डेलिभरी गरेर जीविका चलाउन बाध्य भए । केही सिप नलागेपछि हात मुख जोर्न इबेमा आफ्नो घरका सामान बेच्नु पर्ने स्थितिमा पुगेका हुन् । शनले २००८ को विश्वव्यापी वित्तीय संकट र महामारीको समयमा पनि जागिर गुमाइसकेका थिए । त्यतिबेला केही समयपछि उनले जागिर पाए । तर यस पटक उनले जागिर गुमाउनुका कारण फरक थियो । प्रविधि उद्योगका एआई क्रान्तिका कारण उनी बेरोजगार भएका थिए । शनसँग २० वर्ष काम गरेको अनुभव र कम्प्युटर विज्ञानमा डिग्री थियो । ८०० ठाउँमा जागिर माग्दै उनले आवेदन पठाए । तर यीमध्ये १० भन्दा कमले मात्रै उनलाई अन्तरवार्तामा बोलाए । यीमध्ये केही अन्तरवार्ता त मान्छेले होइन एआई एजेन्टले लिएका थिए । 'मैले अति नै अदृश्य महसुस गरेँ । मलाई कसैले नदेखेको महसुस भयो । उक्त शृङ्खलामा मान्छे आउनु अगावै फिल्टर गरेर फ्याँकिएको महसुस गरेँ,' उनले भने । एआईले धमाधम मान्छेलाई विस्थापित गर्ने क्रम त पहिला नै सुरु भइसकेको रहेछ भन्दै उनले सबस्ट्याकमा लेखेका थिए । शनको अन्तिम जागिर मेटाभर्समा केन्द्रीय कम्पनीमा थियो । यसलाई अर्को महान् चिज हुनेछ भनेर भविष्यवाणी गरिएको थियो । तर च्याटजीपीटीको उदयसँगै यो छायामा पर्‍यो । अहिले शन मध्य न्यूयोर्कमा एउटा सानो आरभीटेलर बसिरहेका छन् । उनको हातमा यतिबेला हातमुख जोर्न टेक जब छैन । पहिलाको वार्षिक डेढ लाख डलरको तलबको एक छेउको कमाई पनि छैन । यतिबेला शन डोर ड्याशको डेलिभरि दिँदै गर्दा तारन्तार नयाँ जागिर खोज्ने, इमेलका रित्ता बक्स हेर्ने र एआईबारे पछिल्लो समाचार खोज्ने गरिरहेका छन् । यो जागिरले कमाएको पैसाले हात मुख जोर्न नसकेपछि आृना पुराना ल्यापटप जस्ता सामान इबेमा बेचिरहेका छन् । यो बेचेर पनि उनले केही नगद मात्रै जुटाउनेछन् । अमेरिकाको श्रम तथ्याङ्कले सफ्टवेयर इञ्जिनियरिङलाई निरन्तर सबैभन्दा छिटो बढिरहेको क्षेत्रको रूपमा देखाइरहेको छ । यस्तोमा शनको वास्तविकताले कयौँलाई झसङ्ग बनाउन सक्छ । अहिले शनको जस्ता कथा एकाध मात्रै सुन्न वा देख्न पाइन्छ । तर छिटै यो धेरैको कथा बन्ने छ । यो वर्षको शुरुमा एन्थ्रोपिकका सीईओ दारियो आमोदेईले छिटै नै अरू सफ्टवेयर जागिर गुम्ने भविष्यवाणी गरेका थिए । सेप्टेम्बरसम्ममा एआईले ९० प्रतिशत कोड आफैँ लेख्न थाल्ने उनको भनाइ छ । । १२ महिनामा त एआईले लगभग सबै कोड आफैँ लेख्नेछ । २०२४ मा प्रविधि उद्योगमा १ लाख ५० हजार भन्दा धेरैले जागिर गुमाएको लेजअफको तथ्याङ्कले देखाएको थिए । यो वर्षको अहिलेसम्मको अवधिमा यो सङ्ख्या ५० हजार माथि उक्लिसकेको छ । शन एक वर्षभन्दा लामो समयदेखि बेरोजगार छ । तर यतिबेला बेरोजगारी मात्रै उनको समस्या होइन । शनले अझैँ आशा भने मारिसकेका छैनन् । न त आफ्नो जागिर खोसेको भन्दै उनी एआईसँग रुष्ट नै छन् । शन अझै पनि आफूलाई एआई म्याक्सिमालिष्ट भन्छन् । एआईले लेजिटिमेट रुपमै आफूभन्दा राम्रो काम गर्छ भने बसेर यसबारे आफूले बिलौना नगर्ने शन बताउँछन् । कम्पनीले पैसा बचाउन मानव कर्मचारी निकालेर एआईलाई राख्नु सबैभन्दा दिक्क लाग्दो भएको उनी ठान्दछन् । *-रातोपाटी डटकम*

# सरकारको डिजिटल नेपाल फ्रेमवर्क अलपत्र




सरकारले स्वीकृत गरेको डिजिटल नेपाल फ्रेमवर्क अझै कार्यान्वयनमा आउन सकेको छैन र यसलाई कार्यान्वयन योग्य बनाउन आवश्यक सुधारहरू गर्नुपर्ने महालेखा परीक्षकको प्रतिवेदनले जनाएको छ । महालेखा परीक्षकले सूचना प्रविधि क्षेत्रका कानुनी व्यवस्था, साइबर सुरक्षा, र डेटा सुरक्षा जस्ता विषयहरूमा सुधार गर्न र एकीकृत प्रणाली विकास गर्न सरकारलाई सुझाव दिएको छ । सार्वजनिक निकायहरूमा सूचना प्रविधिको प्रभावकारी प्रयोग र सुरक्षा सुनिश्चित गर्न, र भुक्तानी प्रणालीलाई सुरक्षित र सुलभ बनाउने उपायहरू लागू गर्न सरकारको ध्यानाकर्षण गरिएको छ । सरकारले अघि बढाएको महत्वकांक्षी परियोजना 'डिजिटल नेपाल फ्रेमवर्क' अलपत्र परेको छ । बुधबार महालेखा परीक्षकको कार्यालयले तयार पारेको ६२औँ वार्षिक प्रतिवेदनले महत्वकांक्षी परियोजना 'डिजिटल नेपाल फ्रेमवर्क' अलपत्र परेको ठहर गर्दै कार्यान्वयन योग्य बनाउन सरकारलाई सुझाव दिएको हो । 'डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनको लागि जिम्मेवार निकायको किटान नगरेको, विनियोजित बजेट यकिन नभएको, फ्रेमवर्क परिमार्जन गर्ने वार्षिक कार्यक्रम रहेकोमा परिमार्जन हुन नसकेको स्थिति देखिन्छ । उल्लिखित अवस्थामा सुधार गरी कार्यान्वयनयोग्य फ्रेमवर्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।' महालेखा प्रतिवेदनमा भनिएको छ । डिजिटल प्रविधिको उपयोग गरेर मुलुको आर्थिक रुपान्तरण र समृद्धि हासिल गर्ने उद्देश्यले तत्कालीन मन्त्रिपरिषद्ले २०७६ कात्तिक ५ गते डिजिटल नेपाल फ्रेमवर्क स्वीकृत गरेको थियो जसमा ८ क्षेत्रका ८० वटा विविध विधाका पहलहरू समावेश भए थिए । उक्त महत्वकांक्षी योजनालाई कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगले ५ वर्षको समयसीमा तोकेर एक खर्ब सात अर्ब ५० करोड बजेट अनुमान गरिएको थियो । त्यसअन्तर्गत अप्टिकल फाइबर नेटवर्क विस्तारको कामहरू समावेश गरिएका थिए । तर, पछि त्यो पूर्ण रुपमा कार्यान्वयन हुन सकेन ।

**सूचना प्रविधि क्षेत्रमा कानुनी व्यवस्था गर्न सुझाव :** यस्तै महालेखा परीक्षकले सूचना प्रविधि क्षेत्रका सबै पक्षलाई समेटेर कानुनी व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ । 'विद्युतीय कारोबार र सूचनाको सुरक्षा, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङको उपयोग, विद्युतीय प्लेटफर्महरूलगायतका सबै प्रकारका सूचना प्रविधि क्षेत्रलाई लागु हुने गरी आवश्रुयक कानुनी व्रुयवस्था गर्नुपर्दछ,' प्रतिवेदनमा उल्लेख छ । यस्तै सूचनाको गोपनीयता, साइबर सुरक्षाको निगरानी, सुचना प्रविधिसम्बन्धी लेखापरीक्षण तथा संकट व्रुयवस्थापन र निरन्तर सेवा सञ्चालन गर्ने कुनी व्रुयवस्था गर्नसमेत सरकारलाई महालेखाले सुझाएको छ । यसैगरी विद्युतीय प्रणाली र विद्युतीय यन्त्र उपकरण खरिदको नम्स र लागत अनुमान तयार गर्ने कार्यलाई व्रुयवस्थित गर्न सरकारलाई आग्रह गरेको छ । सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान गरी डिजाइन, विकास र मर्मतसम्भार सम्बन्धमा पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी प्रणाली तयार गर्नुपर्दछ ।' महालेखाले सूचना प्रविधिमा विकसित भएका सार्वजनिक निकायहरूको योजनालाई एकीकृत रुपमा व्रुयस्थित प्रयोग र सुरक्षा गर्न सरकारको ध्यानाकर्षण गरेको छ । 'विभिन्रुन सार्वजनिक निकायहरूले छुट्टाछुट्टै डेटा सेन्टर सञ्चालन गर्ने कार्यमा सुधार गरी व्रुयाकअपसहित एकीकृत डेटा सेन्टरको विकास गरी सबै निकायले सेवा लिन सक्रुने व्रुयवस्था गर्नुपर्दछ।' महालेखाको प्रतिवेदनले औंल्याएको छ । सूचना प्रविधिलाई प्रभावकारी बनाउन, नियन्त्रण गर्न र सुरक्षामा एकद्वार प्रणाली लागू गर्न उत्प्रेरकको व्रुयवस्था गरी छुट्टै ज्ञान केन्द्र (नलेज सेन्टर) स्थापना गर्नसमेत सुझाव दिएको छ । सरकारी निकायले सञ्रुचालन गर्ने सबै सूचना प्रणालीको आधिकारिक नियकायमा दर्ता तथा नवीकरणको व्रुयवस्था मिलाउन भनेको छ भने भल्नरेबलिटी एसेसमेन्ट एणड पेनिट्रेशन टेष्ट (भीएपीटी) लगायतका परीक्षण गरी मापदण्ड बनाएर प्रयोगमा ल्याउन महालेखाले आग्रह गरेको छ । यसका साथै एकै प्रकारको कामको लागि भिन्नाभिन्नै सूचना प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण गर्न सरकारलाई सुझाव दिएको छ । त्यतिमात्रै होइन डिजिटल भुक्तानीलाई प्रवर्द्धन गरी सुरक्षित, सुलभ र सजिलो प्रणाली विकास गरी सबै प्रकारका भुक्तानी विद्युतीय माध्यमबाट हुने व्रुयस्था मिलाउन समेत सरकारको ध्यानाकर्षण गरेको छ । यसैगरी सार्वजनिक निकायले प्रयोग गरेका वेबसाइट र मोबाइल एप्लिकेशनमा एकरुपता कायम गरी विद्युतिसय माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गर्ने व्रुयवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । यस्तै सबै सरकारी नियकायमा सूचना प्रविधिको पुर्वाधार तयार भई सञ्चालनमा रहेका अवस्थामा सूचना प्रविधि लेखापरीक्षण गर्न आवश्रुयक जनशक्ति तथा पुर्वाधार निर्माण गर्न पनि सरकारलाई महालेखाले सुझाव bsf]5 । *-अनलाइन खबर डटकम*


## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेबल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा दैजा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका

## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

कृष्णप्रसाद ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत
युवराज थापा — उपाध्यक्ष
स्वभाग्य भट्टराई — अध्यक्ष

रैनादेवी छहरा गाउँपालिका

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## सत्यवती गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

कमल प्रसाद भुसाल — प्रमुख प्रशासकीय अधिकृत
निर माया तरामु — उपाध्यक्ष
टिकाराम पाण्डे — अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# धार्मिक पर्यटन बढाउन बुटवल-मुक्तिनाथ यात्रा



**पाल्पा,** जेठ ५/बुटवल उपमहानगरपालिकाले धार्मिकपर्यटन बढाउन बुटवल-मुक्तिनाथ धार्मिक यात्रा सुरु गरेको छ । महानगरपालिकाले सोमबार पाल्पाकोभगवती मन्दिरबाट धार्मिक यात्राको शुभारम्भ गरेको हो ।

चीनको सिमाना कोरोला नाकासँगको धार्मिकपर्यटनको प्रवर्द्धन गर्न र लुम्बिनी मुक्तिनाथ धार्मिक मार्गको प्रचार गर्न जनप्रतिनिधि, कर्मचारीसहितकोटोली पाल्पाको भगवती मन्दिर, भैरवस्थान मन्दिर, ऋषिकेश मन्दिर, रिडी हुँदै मुक्तिनाथदर्शनका लागि प्रस्थान गरेको छ । मुक्तिनाथ दर्शनका लागि प्रस्थान गरेका उनीहरुलाई भगवतीमन्दिर व्यवस्थापन समितिले स्वागत गरेको छ ।धार्मिक पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले धार्मिकपर्यटकीय स्थलहरुको अवलोकन र दर्शन सहित पवित्र धार्मिक पर्यटकिय स्थल मुस्ताङको मुक्तिनाथदर्शनको यात्रा प्रारम्भ गरिएको बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए ।प्रमुख पाण्डेयले बुटवललाई उत्कृष्ट विश्रामस्थल बनाउने, भारतका विभिन्न स्थलहरूबाटमुक्तिनाथ भ्रमणका लागि प्रचार-प्रसार गर्ने र जसको केन्द्रबिन्दु तथा विश्रामस्थलबुटवललाई बनाउने उद्देश्य रहेको बताए । उपप्रमुख सावित्रादेवी अर्यालले तानसेन र बुटवलकोविकासमा हातेमालो गरेर अगाडि बढ्ने बताईन् । मन्दिर व्यवस्थापन समितिका अध्यक्षअशोकमान महर्जनले बुटवलको जितगढीमामनाईने विजयउत्सवमा पाल्पालाई पनि सहभागी बनाउनु पर्ने र पाल्पामा मनाइने विजय उत्सवलाईपनि विशेष ध्यान दिन बुटवल उपमहानगरपालिकालाई आग्रह गरे । समितिका सचिव प्रकाशगंगोलको सञ्चालनमा स्वागत कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### भारतले जित्यो च्याम्पियनशिपको उपाधि



**काठमाडौ,** जेठ ५/१९ वर्षमुनिको साफ च्याम्पियनशिपको उपाधि भारतले जितेको छ ।साबिक विजेता बङ्गलादेशलाई पेनाल्टी सुटआउटमा ४-३ ले पराजित गर्दै घरेलु टोली भारतले उपाधि जितेको हो ।

गएराति अरुणाञ्चलको गोल्डेन जुब्ली रङ्गशालामा भएको फाइनल खेलमा निर्धारित समयमा दुवै टोलीले १-१ गोल गरेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको हो । सेमिफाइनलमा भारतले माल्दिभ्सलाई ३-० तथा बङ्गलादेशले नेपाललाई २-१ ले पराजित गरेका थिए । भारतले चौथौ पटक उमेर समूहको उपाधि जितेको हो । भारतले यसअघि सन् २०१९ मा १८ वर्षमुनिको, २०२२ मा २० वर्षमुनिको र २०२३ मा १९ वर्षमुनिको च्याम्पियनशिपको उपाधि जितेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** जेठ ५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार १९ दशमलव ३० अङ्क अर्थात् ०:७४ प्रतिशतले बढेर दुई हजार ६२८ दशमलव ३६ विन्दुमा कायम भएको छ । सोमबारको कारोबारमा विभिन्न ३२४ कम्पनीका एक करोड ६२ लाख पाँच हजार ५५८ कित्ता शेयर रु सात अर्ब ३५ करोड ८८ लाख ५५ हजार ८५ दशमलव १८ मा किनबेच भएका छन् ।

सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सिन्धु विकास बैंक र ओम मञ्जुश्री फार्मास्युटिकल लिमिटेडको शेयर मूल्य ९.९९ प्रतिशतले उकालो लागेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । त्यसैगरी छ्याङदी हाइड्रोपावरको शेयर मूल्य चार दशमलव ४०, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको चार दशमलव ३९ प्रतिशतले घटेको छ ।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं-नगराऔं,
- सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## रामपुर नगरपालिका...

...गाँडाकोट स्वस्थ्य चौकीका प्रमुख मजिबुर रहमान शेखले शिशु मृत्युदर न्यूनिकरणका लागि नेपालमा १४ वटा खोप लगाईदै आएको जानकारी दिदै खोपमा सक्रिय स्वास्थ्यकर्मी, स्वास्थ्य स्वंय सेविकाहरुलाई प्रोत्साहन गर्नु आवश्यक रहेको बताए । महिला स्वास्थ्य स्वंय सेविका कमला घर्तीले स्वास्थ्य स्वंय सेविका आफुहरुको काम सरकारी तवरबाट मल्याङ्कन हुन नसकेको गुनासो गरिन् । नगरपालिका स्वस्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले चालु आर्थिक वर्षमा जन्मदेखि १५ महिनासम्मका ५ सय ५७ र १६ महिना देखि ५९ महिना सम्ममा एक हजार ९ सय ७३ जनाले पूर्णखोप प्राप्त गरेको तथ्याङ्क रहेको बताए । महिला स्वास्थ्य स्वंसेविका, स्वास्थ्यकर्मीहरु परिचालन गरी सबै वडामा खोज र खोप अभियान सञ्चालन गरिएकोमा कुनै पनि बालबालिका नियमित खोप लगाउन छुटेको नभेटिएको घिमिरेले बताए । नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षता, स्वास्थ्य शाखा प्रमुख घिमिरेको स्वागत र नगरपालिकाकाका नर्सिङ्ग अधिकृत पुनम धितालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## कर्मचारी आवश्यकता

*सूचना प्रकाशन मिति : २०८२/01/३0*

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागि १ (एक) जना तपसिलमा उल्लेखीत उप-प्रशिक्षक आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले मिति ०८२/०२/१३ गते भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराईन्छ ।

तपसिल :

**विज्ञापन न. :** १-०८१/०८२
**पद :** उप-प्रशिक्षक , **संख्या :** १, **उमेर :** २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट B.S.C Nursing, BN वा H.A पास गरेको ।
**दरखास्त बुझाउने मिति:** २०८२ जेष्ठ १३ गते सम्म
**तलब :** ईन्स्टिच्युटको नियमानुसार, **परीक्षाको किसिम :** अन्तर्वार्ता,
**दरखास्त दस्तुर :** ५००/-

**आवश्यक कागजातहरु :**

१. निवेदन साथ आफ्नो वायोडाटा (Bio - Data ) - १/१ प्रति
२. पासपोर्ट साइजको फोटो - दुई प्रति
३. नेपाली नागरीकताको प्रतिलिपि - १ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपिहरु - १/१ प्रति
५. काउनसील दर्ताको प्रमाण पत्रहरुको प्रतिलिपि १ प्रति
६. कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु - १/१ प्रति
७. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु - १/१ प्रति
८. शिक्षण क्षेत्रमा अनुभव भएकालाई दक्षता हेरी प्राथमिकता दिइनेछ ।
९. अन्तर्वार्ताको मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**तानसेन-२, मेहलधारा, पाल्पा**
फोन नं. ०७५-५२०७१४, ९८५७०६०३४६, ९८४७०२९८१६



## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## सूचना ! सूनचा !! सूचना !!!

**प्रकाशित मिति : २०८२/०२/५**

तानसेन नगरपालिका वडा नं. ५, पाल्पामा पर्ने बतासे-चण्डीभञ्ज्याङ्ग सडक खण्ड यस कार्यालयसँग सम्झौता भई कुशल कन्स्ट्रक्सन प्रा. लि., रामपुर १० पाल्पाबाट निर्माण कार्य भइरहेकामा सो सडक खण्डमा कालोपत्रे गर्ने कार्य सुरु हुन गएको र उक्त सडक खण्ड मिति २०८२/०२/०६ देखि मिति २०८२/०२/२० सम्म बन्द हुने हुँदा बैकल्पिक सडक प्रयोग गरी सहयोग गरीदिनुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको ब्यहोरा अनुरोध छ । यस कार्यबाट सर्वसाधारणमा पर्न गएको असुविधा प्रति क्षमा याचना गर्दछौं ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जंनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई